# राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार छनौट कार्यविधि, २०८०

**प्रस्तावना:** सरकारी, सार्वजनिक, नीजि तथा अन्य क्षेत्रका विभिन्न पेशा व्यवसायमा आवद्ध रही विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिलाई राष्ट्रबाट कदर गर्न, विज्ञान तथा प्रविधितर्फका विभिन्न विधामा आविष्कार, नवप्रवर्तन र उन्नयन गर्ने वैज्ञानिक तथा प्राविधिज्ञको योगदानको सम्मान गर्न, विज्ञान प्रविधि तथा नवप्रर्वतनको विकास तथा विस्तार गरी यस क्षेत्रमा आवद्ध जनशक्तिको मनोवल उच्च राखी अभिप्रेरित गर्न राष्ट्रिय विज्ञान दिवसका दिन वितरण हुने पुरस्कारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## <u>संक्षिप्त, नाम र प्रारम्भ</u>

१. <u>यस कार्यविधिको नाम</u>: (१) यस कार्यविधिको नाम "राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार छनौट कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा</u>: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्ययन प्रतिवेदन" भन्नाले विज्ञान प्रविधिसँग सम्वन्धित कुनै खास निर्णय गर्न एकल वा समूहमा रही गरिएको अध्ययन प्रतिवेदन सम्झनु पर्छ।

(ख) "नवप्रवर्तन" भन्नाले नविनतम विधामा अधिक प्रभावकारी उत्पादन, प्रक्रिया, सेवा, प्रविधि वा व्यवसायिक मोडेलको तर्जुमा, गुणस्तर, डिजाइन, विकास वा मोडेल विकासको माध्यमबाट गरिने आविष्कार वा सिर्जना सम्झनु पर्छ र सो शब्दले त्यस्तो आविष्कार वा सिर्जनाबाट पर्न जाने सामाजिक तथा आर्थिक प्रभावलाई समेत जनाउँछ ।

(ग) "पुरस्कार" भन्नाले राष्ट्रिय विज्ञान दिवसका दिन विधागत आधारमा प्रदान गरिने पुरस्कार सम्झनु पर्छ र सो शब्दले नगदका साथ प्रदान गरिने कदर-पत्रलाई समेत जनाउँदछ ।

(घ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "विधा" भन्नाले दफा ८ बमोजिमको विधा सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका विज्ञान प्रविधि तर्फका सचिव सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले मन्त्रालयको निर्णयानुसार गठन भएको राष्ट्रिय विज्ञान दिवस मूल समारोह समितिलाई सम्झनु पर्छ ।

(ज) " उप-समिति " भन्नाले राष्ट्रिय विज्ञान दिवस मूल समारोह समितिको कार्यलाई सहजीकरण गर्न समितिको निर्णयानुसार दफा ५ बमोजिम गठित पुरस्कार छनौट उपसमितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## लक्ष्य तथा उद्देश्य

३. लक्ष्यः आविष्कार, नवप्रर्वतन, अध्यापन, सरकारी, सार्वजनिक सेवा तथा पत्रकारिताको माध्यमबाट विज्ञान तथा प्रविधि क्षेत्रको विकास, विस्तार, संरक्षण र उन्नयनमा संलग्न मध्ये उत्कृष्ट व्यक्तिलाई राष्ट्रिय विज्ञान दिवसका दिन पुरस्कार प्रदान गर्न छनौट गर्नु यस कार्यविधिको लक्ष्य रहेको छ ।

४. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(क) विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका उपलब्धिको पहिचान गर्नु,

(ख) विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने आविष्कार तथा नवप्रर्वतनलाई प्रवर्द्धन गर्नु,

(ग) विज्ञान तथा प्रविधि क्षेत्रको विकास, विस्तार, संरक्षण र उन्नयन गर्न संलग्न हुनेलाई प्रोत्साहन गर्नु,

(घ) राष्ट्रिय विज्ञान दिवसका दिन प्रदान गरिने पुरस्कार प्राप्त गर्ने उपयुक्त व्यक्तिको छनौट गर्न आवश्यक प्रकृया पुरा गर्नु,

(ङ) राष्ट्रिय विज्ञान दिवसका दिन प्रदान गरिने पुरस्कार प्राप्त गर्न सूचनाको पहुँच पुऱ्याई उपयुक्त व्यक्तिको छनौट गर्नु ।

## परिच्छेद-३
## पुरस्कार छनौटको उप-समिति सम्वन्धी व्यवस्था

५. उप-समिति सम्बन्धी व्यवस्थाः (१) राष्ट्रिय विज्ञान दिवसका दिन मन्त्रालयले आविष्कार, नवप्रर्वतन, अध्यापन, सरकारी, सार्वजनिक सेवा तथा पत्रकारिताको माध्यमबाट विज्ञान तथा प्रविधि क्षेत्रको विकास, विस्तार, संरक्षण र उन्नयनमा संलग्न हुनेलाई पुरस्कार प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार प्रदान गरिने भएमा देहायको उप-समितिले त्यस्तो पुरस्कार प्रदान गरिने व्यक्तिको छनौट गरी समितिमा सिफारिस गर्नेछः-



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(क) सदस्य सचिव, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - संयोजक

(ख) कार्यकारी निर्देशक, त्रि.वि. अनुसन्धान निर्देशनालय - सदस्य

(ग) प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य

(घ) प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान - सदस्य

(ङ) अधिकृत, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(च) सहसचिव, विज्ञान प्रविधि महाशाखा, मन्त्रालय - सदस्य सचिव

(३) देहायको अवस्थामा उप-समितिका संयोजक तथा सदस्यको पद रिक्त हुनेछः-

(क) निजले आफु उप-समितिमा रहि रहन नचाहेको भनी सचिव समक्ष लिखित जानकारी गराएमा,

(ख) जुन पदको हैसियतमा उप-समितिमा रहेको हो निज सो मन्त्रालय वा निकायको सो पदमा नरहेको भएमा,

(४) उप-समितिको संयोजक वा सदस्यको नजिकको नातेदारको पुरस्कारको लागि निवेदन परेको वा सिफारिस भई आएको अवस्थामा त्यस्तो मूल्याङ्कनमा निजले मूल्याङ्कन गर्ने छैन ।

(५) उप-समितिको सिफारिसको आधारमा समितिबाट स्वीकृत व्यक्तिलाई राष्ट्रिय विज्ञान दिवसका दिन पुरस्कार प्रदान गरिनेछ ।

६. <u>उप-समितिको बैठक सम्बन्धी कार्यविधि</u>: (१) उप-समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उप-समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा उप-समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्येबाट बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) उप-समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) उप-समितिको बैठकमा भाग लिए बापत संयोजक र सदस्यहरुलाई नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिमको बैठक भत्ता मन्त्रालयले उपलब्ध गराउनेछ ।

(७) उप-समितिको बैठकमा आवश्यकता अनुसार विज्ञान तथा प्रविधि, लेखा, कानून तथा नविनतम प्रविधिका क्षेत्रमा कार्यरत जनशक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

तर एक बैठकमा तीन जनाभन्दा बढिलाई आमन्त्रण गर्न सकिने छैन ।



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(८) उप-समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(९) उप-समितिको बैठक सम्बन्धी अन्य कार्यविधि उप-समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **उप-समितिको काम, कर्तव्य र अधिकार:** (१) उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) पुरस्कार प्रदान हुने विधा बमोजिम योग्य व्यक्तिलाई सम्बन्धित निकायको सिफारिस सहित निवेदन पेश गर्न अवधि तोकि सबैले जानकारी पाउने गरी सार्वजनिक सूचना प्रकाशन गरी सम्प्रेषण गर्ने,

तर त्यसरी सूचना सम्प्रेषण गर्न समय अभाव भएको कारण सम्भव नभएको अवस्थामा विधागत रूपमा सरकारी, सार्वजनिक, निजी निकायमा सिफारिसको लागि नाम पठाइदिन पत्राचार गर्न सकिनेछ ।

(ख) सरकारी, सार्वजनिक तथा निजी क्षेत्रलाई पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिको मनोनयन गरी पठाइदिन जानकारी गराउने र आवश्यकता अनुसार पत्राचार गर्ने,

(ग) प्राप्त हुन आएका आवेदन, प्रमाण कागजात तथा सिफारिसको सूची तयार गर्ने,

(घ) सूची बमोजिमका व्यक्तिको विवरण, प्रमाण कागजात तथा सिफारिसको आधारमा विधागत क्षेत्र छुट्याउने,

(ङ) विधागत क्षेत्र छुट्याउदा पुरस्कार वितरण हुने क्षेत्र र विषय मिलाई प्रत्येक विधामा पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिको संक्षिप्त सूची तयार गर्ने,

(च) संक्षिप्त सूचीमा परेका व्यक्तिहरूको मूल्याङ्कन गरी सिफारिसको लागि अन्तिम सूची तयार गरी समितिमा पेश गर्ने।

(२) उप-समितिले आफ्नो कुनै कार्य कुनै सदस्य वा सदस्य सचिवले गर्ने गरी निर्णय गरी व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद ४
## पुरस्कार प्रदान हुने क्षेत्र तथा विधा

८. **पुरस्कार प्रदान हुने विधा र संख्या:** (१) राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार देहाय बमोजिमका विधा क्षेत्र र निकायगत आधारमा देहाय बमोजिमको संख्यामा प्रदान गर्न सकिनेछ:-



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| क्र. सं. | विधा क्षेत्र | सिफारिस गर्ने निकाय | संख्या |
|---|---|---|---|
| १. | स्वास्थ्य | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १(एक) |
| २. | वन तथा वातावरण | वन तथा वातावरण मन्त्रालय | १(एक) |
| ३. | उर्जा, जलस्रोत तथा सिंचाइ | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | १(एक) |
| ४. | उद्योग | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १(एक) |
| ५. | उच्च शिक्षा (प्राज्ञिक) | काठमाण्डौं विश्वविद्यालय | १(एक) |
| ६. | कृषि तथा पशुपन्छी | कृषि तथा पशु पंक्षी विकास मन्त्रालय | १(एक) |
| ७. | खानेपानी | खानेपानी मन्त्रालय | १(एक) |
| ८. | उदीयमान प्रविधि | नेपाल विज्ञान प्रविधि प्रतिष्ठान | १(एक) |
| ९. | विद्यालय शिक्षा (विज्ञान शिक्षक) | नेपाल विज्ञान शिक्षक संघ (STAN) | १(एक) |
| १०. | विज्ञान तथा प्रविधि पत्रकारिता | नेपाल विज्ञान पत्रकारिता समूह | १(एक) |
| ११. | निजी क्षेत्र | नेपाल उद्योग वाणिज्य महासंघ | १(एक) |

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा प्रदान हुने पुरस्कार राशी जनही पच्चीस हजार नेपाली रुपैयाँ र कदर-पत्र हुनेछ ।

(३) उपदफा (१) बमोजिमका पुरस्कार प्रदान गर्ने गरी निर्णय भएको वर्ष बढीमा एघार विधामा एघार जनालाई प्रदान गरिनेछ।

(४) उपदफा (१) बमोजिमका पुरस्कार सिफारिसको लागि छनौट गर्दा अन्तर विधागत प्रतिस्पर्धा गरिने छैन।

(५) उपदफा (१) बमोजिमका पुरस्कारको लागि कुनै विधामा निवेदन तथा सिफारिस नआएमा वा निवेदन तथा सिफारिस पेश हुन आएका व्यक्तिलाई पुरस्कार दिन उपयुक्त नहुने भनी समितिले निर्णय ठहर गरेको अवस्थामा त्यस्तो विधामा पुरस्कार दिईने छैन।

(६) एक विधामा नदिएको पुरस्कार अर्को विधामा दिने व्यवस्था गरिने छैन ।

(७) निजी क्षेत्रलाई प्रदान गरिने पुरस्कार व्यक्तिगत नभई संस्थागत हुनेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद ५

## पुरस्कार छनौट सम्बन्धी व्यवस्था

९. छनौट सम्बन्धी व्यवस्था: (१) उप-समितिले दफा ७ बमोजिमको प्रक्रिया अनुसार कुनै अवधि तोकि पुरस्कारको लागि आवेदन गर्न सम्बन्धित मन्त्रालय, निकाय, कार्यालय वा संस्थालाई सिफारिस गर्न जानकारी गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारीको आधारमा सम्बन्धित निकायले दफा १० अनुसार योग्यता पुगेकामध्येबाट देहायका आधारमा मूल्याङ्कन गरी दुई जना व्यक्तिलाई अनुसूची-१ बमोजिमको ढाँचामा सिफारिस गरी मन्त्रालयमा पठाउनु पर्नेछ:

(क) सम्बन्धित व्यक्तिको विज्ञान तथा प्रविधिका क्षेत्रमा पुगेको योगदान,

(ख) निजले सार्वजनिक क्षेत्रमा पुऱ्याएको योगदान,

(ग) निजको कारण विज्ञान तथा प्रविधिका क्षेत्रमा पुग्न गएको उपलब्धि ।

(३) उपदफा (२) बमोजिम पुरस्कार मूल्याङ्कनका आधार अनुसूची-२ बमोजिम हुनेछन् ।

(४) पुरस्कार प्राप्तिको लागि जुन निकाय, कार्यालय वा संस्थामा कार्यरत रहेको हो सो भन्दा माथिको निकाय भए सो निकायबाट तोकिएको समयावधिभित्र सिफारिस हुनु पर्नेछ।

(५) यस दफा बमोजिम सम्बन्धित निकायले मन्त्रालय समक्ष सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुनेगरी सिफारिस गर्नु पर्नेछ।

१०. योग्यता तथा अयोग्यता सम्बन्धी व्यवस्था: (१) पुरस्कार प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ:

(क) नेपाली नागरिक हनुपर्ने,

(ख) सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(ग) उच्च नैतिकता कायम गरेको,

(घ) राष्ट्रिय विज्ञान दिवसको उपलक्ष्यमा पुरस्कार प्राप्त नगरेको,

(ङ) कम्तिमा दश वर्ष निरन्तर रूपमा सम्बन्धित क्षेत्रमा कार्य गरेको,

(च) पुरस्कार प्राप्तिसंग सम्बन्धित विषयमा कुनै स्वार्थ नभएको र उप-समिति वा समितिको पदमा नरहेको ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(२) देहायको व्यक्ति पुरस्कार प्राप्त गर्न योग्य हुने छैनः-

(क) उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्त हुन योग्य नभएको,

(ङ) कुनै विदेशी मुलुकको आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको।

(३) कुनै अयोग्य व्यक्ति पुरस्कार प्राप्त गर्ने गरी सिफारिस भई पुरस्कार प्राप्त गरेको भनी कसैले उजुरी गरेमा वा कुनै स्रोतबाट मन्त्रालयलाई जानकारी प्राप्त हुन आएको अवस्थामा मन्त्रालयले विज्ञान प्रविधि तर्फको सहसचिवको संयोजकत्वमा कानून र प्रशासनतर्फको उपसचिव सम्मिलित तीन सदस्यीय समिति गठन गरी छानविन गराउने छ ।

(४) उपदफा (३) बमोजिमको छानविन समितिले छानविन गरी मन्त्रालयमा पेश गरेको प्रतिवेदनमा पुरस्कार वदर हुने गरी सिफारिस भई आएमा त्यस्तो पुरस्कार वितरण नभएको भए प्राप्त गर्नेको नामावलीबाट त्यस्तो व्यक्तिको नाम हटाइनेछ र पुरस्कार वितरण भई सकेको भए फिर्ता गर्न सम्बन्धित व्यक्तिलाई जानकारी गराइने छ ।

(५) उपदफा (४) बमोजिम पुरस्कार फिर्ता नगरेमा सरकारी बाँकी सरह असूल उपर गरी प्रमाणपत्र रद्दको सूचना प्रकाशन गरिनेछ ।

## परिच्छेद-६
## विविध

११. <u>जानकारी सम्बन्धी व्यवस्था</u> : (१) पुरस्कारका लागि समितिबाट छनौटको निर्णय भए पश्चात मन्त्रालयले सम्बन्धित कार्यालय तथा व्यक्तिलाई पुरस्कारको सम्बन्धमा जानकारी गराउने छ ।

(२) पुरस्कारका लागि छनौट भएको व्यक्ति औपचारिक पोशाकमा पुरस्कार प्रदान हुने दिन कार्यक्रम समारोह सुरु हुनु भन्दा कम्तिमा आधा घण्टा अगावै निर्धारित स्थानमा उपस्थित हुनु पर्नेछ ।

(३) कुनै कारणले आफू उपस्थित हुन नसकेमा आफ्नो तर्फबाट पुरस्कार लिन एकाघरको व्यक्तिलाई पठाउन सकिनेछ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(४) पुरस्कार प्राप्त गर्ने व्यक्तिलाई नगदका साथै अनुसूची-३ बमोजिमको ढाँचामा कदर-पत्र प्रदान गरिनेछ ।

१२. सूचना प्रविधिको प्रयोग: (१) उप-समितिले आवेदन, मूल्याङ्कन तथा सिफारिसका कार्यको लागि आवश्यकता अनुसार अत्याधुनिक सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रविधि प्रयोग गरी भए वा गरेको कुनै पनि काम-कारबाही वा मूल्याङ्कन रीतपूर्वक भए वा गरेको मानिनेछ ।

१३. कार्यविधि संशोधन: मन्त्रालयले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

१४. बाधा अडकाउः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा त्यस्तो बाधा अड्काउ फुकाउन यस मन्त्रालयको सचिवलाई अधिकार हुनेछ।

१५. पुरस्कार प्रदान गर्ने अधिकार; यस कार्यविधि बमोजिम उप-समितिबाट सिफारिस बमोजिम पुरस्कार दिने नदिने सम्वन्धमा अन्तिम निर्णय समितिको हुनेछ।

१६. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्य विषय प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ ।

नेपाल
शिक्षा, विज्ञान ...
सिंहदरवार, काठमाडौं

अनुसूची -१

## सिफारिस लागि फारम

(दफा ९ को उपदफा (२) संग सम्बन्धित)

| | | |
|---|---|---|
| १. | सिफारिस गरिएको व्यक्तिको नाम, थरः | |
| २. | हाल कार्यरत निकायः | |
| ३. | पदः | |
| ४. | सम्पर्कः | ई-मेल ठेगानाः |
| ५. | शैक्षिक योग्यताः | |
| ६. | सम्बन्धित क्षेत्रमा अनुभवको विवरणः | |
| ७. | विशिष्ट योगदानको विवरणः<br>(कार्यविधिको दफा ९(२) बमोजिम भर्ने) | |
| ८. | स्वमूल्याङ्कन (बढीमा ५०० शब्दको वाक्यमा):<br>(स्वमूल्याङ्कन गलत ठहरिएमा प्रचलित कानून अनुरूप कारवाही गरी यो फारम रद्द गरिनेछ।।) | |
| ९. | कुनै फौजदारी अभियोग लागे/नलागेकोः<br>(कानूनी कारवाही भएकोमा सो अवधि पुरा भएको/नभएकोः) | |
| १०. | संस्थाको हकमा कालो सूचीमा रहे/नरहेकोः | |
| ११. | उल्लेखित विवरण झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहि गर्ने सम्बन्धित व्यक्ति | --------------------<br>नाम, थरः<br>मितिः २०   ।   । |

| | |
|---|---|
| १२. | सिफारिसकर्ताको विवरण: |
| १ | सम्बन्धित मन्त्रालय/निकाय/ कार्यालयको प्रमूख: |
| २ | सिफारिसको व्यहोरा: |
| | सहि: |
| | पद: |
| | नाम: |
| | मिति: |
| | छाप: |

संलग्न गर्नुपर्ने कागजातहरू:

१. शैक्षिक योग्यता (स्नातह तहको)

२. कार्य अनुभव (resume)

३. प्रकाशित लेख, रचना, जर्नल आदि

४. आफ्नो कार्य क्षेत्रमा नवप्रवर्तनको उपयोग तथा प्रभावकारिता बारे विवरण

५. अनुसन्धान खोज तथा प्रविधि विकास सम्बन्धी विवरण

६. स्वमूल्याङ्कन प्रतिवेदन (करिव ५०० शव्दमा उल्लेख गर्ने)

शिक्षा, विज्ञान तथा ... सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची -२

## मूल्याङ्कनका आधार र फारम

(दफा ९ को उपदफा (३) संग सम्बन्धित)

१. (सार्वजनिक/सरकारी सेवाको मूल्याङ्कनको आधार)

| सि. न | विवरण र उपलब्ध अंक | अधिकतम अंक भार |
|---|---|---|
| १ | विज्ञान तथा प्रविधि क्षेत्रमा गरिएको योगदानको अवधि वर्षमा | २० |
| | दश वर्ष अंक - १०<br>दश वर्ष देखि पन्ध्र वर्ष सम्म अंक - १५<br>पन्ध्र वर्ष वा सो भन्दा माथि - २० | |
| २ | विज्ञान तथा प्रविधि क्षेत्रमा गरिएको प्रकाशन | ४० |
| | लेख रचना - ५<br>पुस्तक - ५<br>विज्ञान तथा प्रविधि अध्ययन प्रतिवेदन - १०<br>जर्नल प्रकाशन i) SCI Indexed वा ii ) NepJOL Indexed -२० | |
| ३ | अनुसन्धान प्रविधि विकास तथा नवप्रवर्तनमा योगदान | ३० |
| | (क) नवप्रवर्तनको उपयोग तथा प्रभावकारिता<br>○ आफ्नो कार्य क्षेत्रमा विज्ञान प्रविधिको उपयोग - ५<br>○ आफ्नो कार्य क्षेत्रमा नवीन सेवा वा उपकरण जडान/सञ्चालन - १५ | |
| | (ख) अनुसन्धान खोज तथा प्रविधि विकास<br>○ अनुसन्धान खोज -५<br>○ प्रविधि विकास -५ | |
| ४ | शैक्षिक योग्यता | १० |
| | ○ स्नातक तह -७<br>○ स्नातकोत्तर तह -८<br>○ विद्यावारिधि -१० | |
| | कुल जम्मा अंक | १०० |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

२. निजी क्षेत्रको मूल्याङ्कनको आधार:

(हस्तकला सम्बन्धी उद्योग)

| क्र. सं | विवरण | अधिकतम अंक भार |
|---|---|---|
| १ | सञ्चालन अवधि वर्ष<br>५ वर्ष पुगेको –५<br>५ देखि १० वर्ष - ८<br>१०वर्षभन्दा बढी -१० | १० |
| २ | नवप्रवर्तन सम्बन्धी कार्य | २५ |
| | नयाँ प्रविधि आयात गरी सफलता पूर्वक सञ्चालन गरेको-१०<br>प्रविधि वा प्रक्रियामा सुधार/स्तरोन्नति-१०<br>अनुसन्धान तथा प्रविधि विकास -५ | |
| ३ | रोजगारी सिर्जना | १५ |
| | ५० जना सम्म-१०<br>५० जनाभन्दा बढी -१५ | |
| ३ | बौद्धिक सम्पत्ति दर्ता | १० |
| ४ | निर्यातमूलक उद्योग | १५ |
| | गत आ.व.मा निर्यात गरिएको -१०<br>गत २ आ.व.मा निर्यात गरिएको -१५ | |
| ५ | Value addition<br>५०% सम्म - ५<br>५०%भन्दा बढी -१० | १० |
| ७ | घरेलु तथा स्थानीय कच्चा पदार्थको उपयोग<br>५०% सम्म - १०<br>५०%भन्दा बढी -१५ | १५ |
| | कुल जम्मा अंक | १०० |

३. विज्ञान तथा प्रविधि पत्रकारिताको लागि

| क्र. सं | विवरण | अंक भार |
|---|---|---|
| १ | विज्ञान तथा प्रविधि पत्रकारितामा अनुभव | ४० |
| २ | विज्ञान तथा प्रविधि पत्रकारितामा समाचार संकलन तथा | ४० |



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | प्रतिवेदन लेख रचना प्रकाशन | |
| ३ | स्व-मूल्याङ्कन प्रतिवेदन ( Self-appraisal report) | २० |

४. विज्ञान शिक्षकको लागि

| सि. न | विवरण र उपलब्ध अंक | अधिकतम अंक भार |
|---|---|---|
| १ | विज्ञान अध्यापन अनुभव | २० |
| | ○ ७ वर्षदेखि १० वर्षसम्म - १५<br>○ १० वर्षदेखि २० वर्षसम्म - १७<br>○ २० वर्ष भन्दा माथि - २० | |
| २ | शैक्षिक योग्यता | २० |
| | ○ स्नातक तह -१५<br>○ स्नातकोत्तर तह -१७<br>○ विद्यावारिधि -२० | |
| २ | विज्ञान तथा प्रविधिसँग सम्बन्धित शिक्षण सामाग्री तयारी | २० |
| ३ | विद्यालयको शैक्षिक उपलब्धि | २० |
| | SEE/SLC परीक्षामा औसत GPA नतिजा<br>○ GPA २.६५ देखि ३.० सम्म -१५<br>○ GPA ३.० देखि ३.३५ सम्म -१७<br>○ GPA ३.३५ देखि माथि -२० | |
| ४ | विज्ञान तथा नवप्रवर्तनसँग सम्बन्धित सामूदायिक क्रियाकलापमा सक्रियता | २० |
| | ○ विज्ञान प्रयोगशाला, विज्ञान क्लव स्थापना/सञ्चालन -१०<br>○ विज्ञान समाज/संघमा संलग्नता वा आबद्धता -१० | |
| | कुल जम्मा अंक | १०० |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

## अनुसूची -३

### प्रमाणपत्रको ढाँचा

(दफा ११ को उपदफा (४) संग सम्बन्धित)

नेपाल सरकार

शिक्षा, विज्ञान प्रविधि मन्त्रालय

सिहंदरबार, काठमाडौ

राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन पुरस्कार, २०--

प्रमाण-पत्र

--औं राष्ट्रिय विज्ञान दिवस, २०-- को शुभ अवसरमा विज्ञान प्रविधि तथा नवप्रर्वतनको--------विधामा उल्लेखनीय योगदान पुर्‍याउनु भएकोमा कदर स्वरूप -------मा कार्यरत/आवद्ध श्री-----------लाई राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन पुरस्कार, २०-- द्वारा सम्मानित गरिएको छ। पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईंको सिर्जनात्मक निरन्तरताको लागि शुभ-कामना व्यक्त गर्दछौं।

| | | |
|---|---|---|
| ----------------- | ----------------- | ----------------- |
| नाम----------- | नाम: | नाम: |
| (सचिव) | (मन्त्री) | (प्रमुख अतिथि) |

(विज्ञान दिवसको नारा --------------------------------------------------)

वि. स. २०-- असोज १ गते ---बार